# बालबालिकालाई अनलाइनका खतरा र सुरक्षा

*– विनयकुमार कसजू*

अनलाइन अर्थात् इन्टरनेटमा पुगेर वेबसाइट हेर्न अब कम्प्युटरमा तार जोड्नु आवश्यक रहेन । तार जोडिएको भन्दा तार नजोडिएको कम्प्युटर, ल्यापटप र यस्तै उपकरणहरूको संख्या धेरै गुना बढिसकेको छ । अब त मोबाइल फोनहरूबाट पनि इन्टरनेट हेर्न र आफूले चाहेको सूचना सामग्री वेबसाइटमा राख्न सकिन्छ । नेपालका धेरै नगरक्षेत्र र सदरमुकामहरूमा यो सुविधा उपलब्ध भइसकेको छ भने मोबाइल फोन चलाउने नेपालीहरूको संख्या एक करोड नाघिसकेको छ ।

पर्यटकहरूलाई आकर्षित गर्नका लागि होटल, पर्यटकहरू जमघट हुने सार्वजनिक स्थलहरूमा निःशुल्क र पासवर्ड नचाहिने गरी वायरलेस इन्टरनेटको सुविधा राजधानी बाहिर पनि पाइन थालेको छ । कतिपय शैक्षिक र गैरसरकारी संस्थाहरूले सार्वजनिक स्थलमा वायरलेस नेट सुविधा उपलब्ध गराउन थालेका छन् । त्यस्तै विदेशका आफन्तसँग च्याट, इमेल, फेसटाइममा सम्पर्क गर्न वा ब्लग र इमेल राख्न साथै निजी काम र व्यवसायका लागि पनि घरमा वायरलेस इन्टरनेट सुविधा राख्ने चलन शहरी क्षेत्रमा बढिरहेको छ ।

अनलाइनमा भएका मिडिया, चाहे मोबाइलफोन होस् चाहे कम्प्युटर, सबैले एकातिर उपभोक्तालाई सूचना, संचार र ज्ञानको अकल्पनीय अवसर र शक्ति उपलब्ध गराएका छन् भने अर्कोतिर इन्टरनेटबाट हुनसक्ने विभिन्न प्रकारका खतराहरू पनि आइलागेका छन् । इन्टरनेटको सदुपयोग गर्न नजान्ने र यसबाट हुन सक्ने विभिन्न हानी र खतराको बारेमा थाहा नपाउनेहरूका लागि यसले धेरै नोक्सानी गर्न सक्छ । खास गरी आफूले गरेको काम सही हो कि गलत हो भनी विवेक गर्न नसक्ने बालबालिकाहरूका लागि इन्टरनेटले जीवनभरिका लागि नमेटिने हानी पुर्‍याउन सक्छ । यसैले एक्काइसौं शताब्दीमा सबै मानिस इन्टरनेट लगायत कम्प्युटर र सूचना प्रविधिका बारेमा शिक्षित हुनु आवश्यक छ । विभिन्न देशका सरकारले आफ्ना नागरिकलाई सूचना साक्षर ( इन्फर्मेसन लिटरेट) बनाउने व्यापक कार्यक्रम सुरु गरेका छन् ।

केटकेटीलाई अनलाइनबाट विभिन्न खालका खतरा हुन सक्छन् । पहिलो र गम्भीर खतरा वयस्क (एडल्ट) वेबसाइट हो जसमा नांगा, अश्लील चित्र, चलचित्र र वृत्तान्त हुन्छन् । केटाकेटीहरू अनजानमा वा झुक्किएर पनि त्यस्ता वेबसाइट हेर्न पुग्छन् । यसबाट उनीहरूको मानसिक तथा बौद्धिक विकासमा प्रतिकूल प्रभाव पर्न सक्छ । उनीहरूको पढाइ विग्रन सक्छ । उनीहरूको स्वभाव हिंसक वा आक्रामक बन्न सक्छ ।

इन्टरनेटमा आफ्नो परिचय लुकाएर जसले पनि राम्रा, नराम्रा रामग्री राख्न सक्छ । बालबालिकाहरूबाट यौन सन्तुष्टी लिन चाहने अपराधी मनोवृत्ति भएका मानिसहरूले आफूलाई केटाकेटी जस्तै गरी नक्कली परिचय दिएर अरू केटाकेटीलाई फकाउन, फसाउन सक्छन् । केटाकेटीसँग फोटो माग्न सक्छन् । नांगा फोटामा केटाकेटीको अनुहार राखेर बेइजत गर्न, ब्ल्यकमेल गर्न र अरू प्रकारले दुरुपयोग गर्न सक्छन् । उनीहरूको इमेलको पासवर्ड मागेर इमेल ह्याकिङ गर्न सक्छन् । बाबु आमा वा अभिभावकको पासवर्ड मागेर बैंकको खाताबाट पैसा चोर्न पनि सक्छन् ।

केटाकेटीले आफ्नो विश्वासिलो साथीलाई आफ्नो इमेल, ब्लग वा वेबसाइटको पासवर्ड दिँदा उसको नामबाट अश्लील चिठी र फोटो अरूको इमेलमा जानसक्छ । यसरी कतिपय विद्यार्थी लाजमर्दो अवस्थामा परेर विद्यालयबाट निस्कनु परेको छ । विश्व दूरसंचार संघले गरेको एउटा अध्ययन अनुसार विश्वमा औसत साठी प्रतिशतभन्दा धेरै केटाकेटीहरू दिनदिनै च्याट गर्छन् । त्यसरी च्याट गर्नेहरू चार जनामध्ये तीन जनाले कुनै सेवा वा सामानको बदलामा आफ्नो र

परिवारको निजी जानकारीसमेत साटासाट गर्छन् । अनि पाँच जनामध्ये एक जना बच्चा बाल यौन शोषकको शिकार बन्छ ।

नचिनेका मानिससँग अनलाइनमा कुराकानी वा च्याट गर्दा अनेक खतरा आइलाग्न सक्छ । मानसिक विकारयुक्त व्यक्तिहरूले केटाकेटीसँग फोहोरी कुरा गरेर आनन्द लिन खोज्छन् । त्यस्ता व्यक्ति नक्कली केटाकेटी बनेर च्याटमा आउँछन् । च्याट गर्ने केटाकेटीलाई ऊसँग च्याट गर्ने व्यक्ति केटा हो कि केटी हो, कुन उमेरको हो, कहाँको हो भन्ने थाहा हुँदैन । उसले अर्केको फोटो पठाउन सक्छ । सबै कुरा ढाँट्न सक्छ । त्यस्ता व्यक्तिले पछि गएर प्रत्यक्ष भेट्न बोलाएर यौन दुर्व्यवहार वा भौतिक रुपले हानी पुर्‍याउन पनि सक्छ । बाह्र वर्ष नाघेका किशोरहरू अनलाइनमा अरूव्यक्तिबाट अकर्षित हुने, फकाइने र फसाइने सम्भावना धेरै हुन्छ ।

अनलाइनमा धेरै समय बिताएर भविष्य विगार्ने किशोरहरूको संख्या दिनदिनै बढिरहेको छ । यस मामिलामा दक्षिण कोरियाका किशोरहरू संसारमै सबैभन्दा अगाडि छन् । कोरियाली किशोरहरूमा इन्टरनेटको प्रयोगको बारेमा सन् २००८ मा गरिएको सरकारी सर्भे अनुसार ७७ प्रतिशत कोरियालीहरू इन्टरनेट प्रयोग गर्छन् । त्यसमा पनि इन्टरनेट प्रयोग गर्ने किशोर र युवाको संख्या अत्यधिक थियो । कोरिया इन्टरनेट सेक्युरिटी एजेन्सीको २००८ को सर्भेअनुसार ९९.९ प्रतिशत किशोरहरू इन्टरनेटको पहुँचमा थिए । ८५.५ प्रतिशत किशोरहरू हरेक दिन लगअन गर्थे ।

संसारमा मोबाइल फोनबाट सबैभन्दा धेरै एसएमएस पठाउनेहरूमा पनि कोरियाली किशोरहरू पर्छन् । एउटा अध्ययन अनुसार १५ देखि १९ वर्षका कोरियाली किशोरहरूले एक दिनमा औसत ६०.१ एसएमएस पठाउँछन् । यसको अर्थ एक महिनामा झण्डै २००० एसएमएस पठाउँछन् । यो प्रवृत्ति निरन्तर बढिरहेको छ ।

रक्सी र लागू पदार्थको लत (एडिक्सन) जस्तै इन्टरनेटको लत पनि ध्वंसात्मक हुन्छ । जुवाडेहरूलाई समयको पर्वाह नभएजस्तै इन्टरनेट एडिक्टहरूलाई समय गएको मतलब हुँदैन । उनीहरू परिवारका सदस्य, साथीभाइ, होमवर्क, खेलकुद र सामाजिक क्रियाकलापलाई वास्ता गर्दैनन् । ती कुराहरूबाट उनीहरू टाढिन चाहन्छन् । मनोवैज्ञानिकहरूका अनुसार इन्टरनेटको कुलत (एडिक्सन) मा लागेका किशोर अपराधतिर उन्मुख हुन्छन् । उनीहरूको स्वभाव आक्रामक हुन्छ । उनीहरू शारीरिक र मानसिक रुपले कमजोर हुन्छन् र सामाजिक रुपले (social isolation) एक्लिँदै जान्छन् । पढाइमा कमजोर र असफल हुन्छन् ।

किशोरहरू सामाजिक एक्लोपनको शिकार भएपछि धेरै प्रकारका समस्या उत्पन्न हुन्छ जस्तै : किशोर र अभिभावक तथा समाजका अन्य व्यक्ति निकायसँग संचार कुराकानी बन्द हुन्छ । उनीहरू कुरा गर्नु भन्दा लिखित च्याट, इमेल र फेस बुकको प्रयोग गर्न रुचाउँछन् । मिलेर काम गर्ने, टिम वर्क गर्ने बानी समाप्त हुन्छ । समाजमा आपसमा गर्नु पर्ने आधारभूत संचार सीप हराउँछ । आमाबाबु र किशोरहरूबीच झगडा, द्वन्द्व हुन्छ । घरमा इन्टरनेट चलाउन नपाए घर छाडेर जान सक्छन् । स्कुल जान भनेर घरबाट निस्के पनि बाहिर बसेर कम्प्युटर चलाउने, स्कुल नजाने गर्छन् । खर्च जुटाउन पैसा चोर्ने र अन्य अपराध गर्न थाल्छन् । उनीहरू बाल यौन शोषकको फन्दामा पनि पर्न सक्छन् ।

हामी कहाँ लागू पदार्थका दुर्व्यसनीहरूको परामर्श (उपचार) केन्द्रहरू खुले जस्तै कोरियामा इन्टरनेट एडिक्टहरूका लागि चार सयभन्दा धेरै परामर्श केन्द्रहरू खुलेका छन् । चिनमा पनि इन्टरनेट एडिक्टको ठूलो समस्या छ । त्यहाँ चार करोड इन्टरनेट प्रयोगकर्ता छन् । तीमध्ये १० प्रतिशत अर्थात् चार लाख किशोर र युवाहरू इन्टरनेट एडिक्ट छन् । त्यहाँ इन्टरनेट एडिक्टहरूलाई उपचार गर्ने १४० परामर्श केन्द्र छन् ।

तपाईंलाई आफ्ना सन्तान अनलाइनको खतरामा पर्न लागेको शंका लागेको छ भने यी कुराहरूमा ध्यान दिनुस् (अमेरिकी न्याय विभागको फेडरल व्युरो अफ इन्भेस्टिगेसनको प्रकाशनमा आधारित) :

- तपाईंको सन्तानले अनलाइनमा धेरै समय (खास गरी रातीराती) बिताउँछ कि ?
- उसको कम्प्युटरमा अश्लील फोटो वा चलचित्र भेटिन्छ कि ?
- उसको मोबाइल फोनमा नचिनेको मानिसको फोन आउने जाने गरेको छ कि ?
- उसलाई नचिनेका मानिसले चिठी र उपहार पठाउन थालेको छ कि ?
- उसको कोठामा पस्दा उसले हतारहतार कम्प्युटरको मोनिटर बन्द गर्छ कि वा मोनिटरमा देखिने चित्र फेर्छ कि ?
- परिवारदेखि ऊ परपर बस्न रुचाउन थालेको छ कि ?
- उसले तपाईंको वा उसैको इन्टरनेट एकाउन्ट प्रयोग नगरी अरू कसैको एकाउन्ट प्रयोग गर्छ कि ?

तपाईंको सन्तान कुनै बाल यौन दुराचारीको फन्दामा परेको शंका लागेमा के गर्ने ?

- ऊसँग खुला रूपमा कुराकानी गर्नुस् र आफ्नो शंका बताउनुस् । उसलाई अनलाइनबाट यौन दुराचार गर्नेहरूको बारेमा भन्नुस् ।
- उसको कम्प्युटरमा केके छ हेर्नुस् । तपाईंले जान्नु हुन्न भने अरूको मदत लिनुस् ।
- उससँग ककसले सम्पर्क गर्छ भन्ने थाहा पाउन टेलिफोन कम्पनीको सहयोग लिन सक्नु हुन्छ । फोन गर्ने व्यक्तिले आफ्नो कलरआईडी ब्लक गरेको भए पनि टेलिफोन कम्पनीको मदतले पत्ता लगाउन सकिन्छ ।
- उसले च्याट गर्ने गरेको ठेगाना, धेरै सम्पर्क गर्ने इमेल, हेर्ने गरेको वेबसाइट वा ब्लगहरू पत्ता लगाउनुस् ।

आफ्नो सन्तालाई अनलाइनबाट कसैले शोषण गर्दैछ भन्ने निधो भएपछि प्रहरीको सम्बन्धित निकायलाई जानकारी दिनुस् । कम्प्युटरमा भएका अवैध सामग्री प्रमाणका लागि सुरक्षित राख्न कम्प्युटर बन्द गरेर राख्नु पर्छ ।

अनलाइन मिडियाबाट आउने हानीकारक सामग्रीलाई रोक्न ब्लक गर्न सफ्टवेयरहरू पनि पाइन्छन् । इन्टरनेट सेवा दाताको मदत लिन पनि सकिन्छ । साथै देश र समाजअनुसार अन्य प्राविधिक र वैधानिक उपायहरू पनि उपलब्ध छन् । तैपनि, बालबालिकालाई अनलाइन खतराबाट जोगाउन सबैभन्दा प्रभावकारी उपाय परिवारभित्रै अनलाइनका बारेमा खुला छलफल गर्नु हो । अनलाइन मिडिया मात्रै होइन टेलिभिजन तथा अन्य मिडियामा आउने विषयवस्तुका बारेमा पनि परिवारभित्र छलफल हुनुपर्छ । मिडियालाई जस्ताको तस्तै रूपमा नलिई आलोचनात्मक ढंगले हेर्ने विश्लेषण गर्ने बानी बसाल्यो भने बालबालिकाहरू मिडियाको हानीकारक प्रभावबाट आफैं जोगिन थाल्छन् । आफैले आफैलाई जोगाउनु सबैभन्दा उत्तम उपाय हो ।

नागरिक दैनिक, २० नवम्बर २०११, २०६८ मंसिर ४ मा प्रकाशित ।